

# तुषार वर्णन

लक्ष्मीप्रसाद देवकोटा

# तुषार वर्णन

(खण्डकाव्य)

लक्ष्मीप्रसाद देवकोटा

साहित्यरस

**साहित्यरस**

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २०५९

**ईपुस्तकको स्रोत**

*प्रकाशक* : नेपाल सांस्कृतिक संघ

*संस्करण* : पहिलो २०५९

*ISBN* :

---

**About this ebook edition**

*Originally created as epub*

*Created* : 2026-06-12, 14:28:22 UTC

*Latest minor Correction* : 2026-06-12, 14:28:22 UTC

*Sahityaras ebook id* : 20260612142822

**Cover art**

*Winter landscape*

Józef Rapacki, 1908

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची

*स्पष्टिकरण*

*दुई शब्द*

*मेरो भन्नु*

तुषार वर्णन

# स्पष्टिकरण

**श्यामदास वैष्णव**

नेपालको राजधानी काठमाण्डौबीच, कहिले नपरेको हिउँ– २००३ साल पौषमा पऱ्यो। र कहिले नरचिएको काव्य, 'तुषार वर्णन' रातभरमा रचेको देखियो,– भन्न पर्ने भएको छ मैले। कारण, हिंउ पर्दा– म देवकोटाज्यूसितै थिएँ। र उहाँले हिउँ परेको देखी– "मासु खाने" इच्छा व्यक्त गर्नुभएको थियो– श्रीमतीसमक्ष। र मैले पनि– रु.१०।- लिई हिंउ पर्दापर्दै– बहादुरीसाथ मासु किनेर लगी– दाखिल गरी, म आफ्नो घर आएथैं। मासु किनेर लग्दा– श्रीमती बजैले आश्चर्य मान्दै– "यस्तो हिउँ परेको बखतमा पनि हिंड्नु हुन्थ्यो?" भनेर मासु लिएको, म अझैं सम्झन्छु।

हिउँ पऱ्यो! जताततै सेताम्य भयो! बादल धुम्मिएर पानी पर्दापर्दै, पानी शोषिन गयो। बगेका खोल्साखोल्सी सुके झैं देखिए। अनि त आकाशबाट 'आलु बखडाका फूल' झरे झैं– सेता हिउँका पर्रा फताफत खस्न थाले। हेर्दा, देशी ईंट थुपारेको ठाउँमा– त्यत्ति नै परिमाणमा, हिउँ परेको देखियो– 'केकतुल्य' लाग्ने गरी। विचित्र देखियो– वरपर सर्बत्र। सडक, रूख, घर सबैतिर सेतो भुवाले ढाके झैं लाग्ने हुन गयो।

हिउँ पऱ्यो! केही छिनपछि म घर फर्के। २२ वर्षको युवक हुनाले– मलाई हिउँले त्यत्तिको चिस्याएको अनुभव भएन। खानपानपछि सुतें म। राती उठेर झ्याल खोलेर हेर्दा– 'चौवर' जून लागे झैं लाग्यो। लेख्ने विचार आएर पनि– मनमनै गुम्स्याएँ विचारलाई। तर देवकोटाज्यूकहाँ भोलिपल्ट पुगेर हेर्छु त– सानो एउटा कापीमा 'तुषार

वर्णन' अटाई नअटाई गरेर 'मुन्डा अक्षर'मा साकार भैसकेको रहेछ। त्यसलाई सँगालियो। र त्यसै राखियो, नसारेर। अन्ततः पछिसम्म पनि रहिरह्यो मकहाँ त्यो कृति। र आज ५६ वर्षपछि– ने. सां. संघका अध्यक्ष श्री नरसिंह बहादुरज्यूको तत्परताबाट यो प्रकाशित हुन पाइरहेछ। शायद, देवकोटाज्यूको (नेपालीमा रचित) 'अन्तिम' बचेको-खुचेको कृति, यही नै हो जस्तो मलाई लाग्छ। अन्त कति कृति? रचेर कहाँ छोडियो, भन्न सकिन्न। योगी नरहरिनाथज्यूको भनाइअनुसार शिखरिणी छन्दमा लेखिएको महाकाव्य 'सुन्दरीजल' पनि खोज्न आवश्यक ठानिएको छ। कुनै सज्जनसित भएमा– प्रकाशित गर्नु श्रेयस्कर कार्य हुने थियो। किनकि– देवकोटाको कृति कसैले पनि आफ्नो नाममा छापेमा 'महाकविको– शैली' जुनसुकै पनि साहित्यधर्मीले पत्ता लगाउन सकिहाल्छ। यसैले, त्यो कृति कहिँ छ भने– उसले 'गायव गर्नु' बुद्धिमानी हुनेछैन।

अहिलेलाई– नेपालीमा रचित अंतिम काव्य– 'तुषारवर्णन' नै देखिएको छ। अंग्रेजीमा रचित महाकविका अन्य कृतिहरु चाहिँ– अहिले कविज्यूको छोराकै जिम्मामा रहेको मान्न सकिन्छ। मौका जुरेपछि– त्यो पनि प्रकाशित होला नै। नेपालीमा चाहिँ– महाकविका अनुयायीहरुले 'बाँकी कृति' प्रकाशित गरिदिनु कर्तव्य थियो– त्यो पूरा भएकै मानौं– यस प्रकाशनद्वारा।

'तुषार-वर्णन' यो लघुकाव्य– नेपाली साहित्यमा– कवि शिरोमणि लेखनाथज्यूको 'ऋतु-विचार' पछिको 'प्रकृति-वर्णन' मान्न सकिन्छ। यसमा हिमालको विशेषताको साथै–, शिव-पार्वती, स्वर्ग, अप्सरा, कुवेर सहित वैदिक संस्कारको अभिव्यक्ति स्पष्टिएको हामी देख्न सक्नेछौं। यसबाट सर्बसाधारणले आनन्द प्राप्त गर्न सक्ने अनुमान गर्न सकिन्छ। तर कृतिले चाहिँ– 'पूर्वीय आकाश' उघारेर 'घाम' लगाउन खोजेकै देखिनेछ। बस्, यत्ति नै।

माघ २१,२०५९

# दुई शब्द

**भीमनाथ घिमिरे**

जसरी, कस्तूरीको वीना आफ्नै सौगन्धले परिचित हुन्छ– त्यसरी नै अनगिन्ति सुगन्धित फूलहरुद्बारा सुवासित महाकवि लक्ष्मीप्रसाद देवकोटालाई चिनाउन कुनै फूल-बुट्टाको आवश्यकता पर्दैन।

कविको कल्पनाको क्रीडास्थल मूलतः प्रकृति र सौन्दर्य हुने गर्दछन्। प्रकृतिमा ऋतुचक्रको प्रभाव रहन्छ, र सौन्दर्यका छटाहरु पनि– सोहीअनुरूप झल्किने हुन्छन्, अनि ती घाम-छाँयालाई बटुलेर कवि आफ्नो काव्यको सर्जाम बनाउँदछ।

महाकवि कालिदासले– मेघ र वर्षालाई टिपेर तिनमा प्राण प्रतिष्ठा गराए, क. शिरोमणि लेखनाथ पौड्यालले ढुङ्गा माटोमा ईश्वर जन्माउन प्रयत्न गरे, भने– महाकवि देवकोटा त्योभन्दा अघि बढेर तिनलाई मानवीय दर्शनसँग अनुस्यूत गराई जीवनोपयोगी बनाउन लागिपरेको देखिन्छन्। यस्ता युगस्रष्टा महामानवहरु आफ्ना 'जीवन्त' कीर्तिहरुमार्फत अमर बन्न पुग्दछन्।

कुनै पनि काव्यमा– सिर्जनाकालको परिवेश अटाएको हुन्छ। महाकवि देवकोटारचित प्रस्तुत "तुषार वर्णन" काव्यमा पनि– त्यही कुरा प्रष्टसँग झल्केको छ।

प्रकृतिको नियमभित्र जाडो र गर्मी यी दुई चक्र निरन्तर चलिरहन्छन्। तीमध्ये– हिउँ, तुषारो र कुइरो अनि तिनको रूपान्तरणको विभिन्न अवस्थाले– माटो, पानी, हावा र

प्राणी मात्रमा पार्ने प्रभावलाई हिमवत् संस्कृतिका जरासम्म पुगेर स्वर्ग र पृथ्विलाई जोड्ने जमर्को एकातर्फ गरिएको छ भने– अर्कोतर्फ एक शताब्दी भन्दा बढीदेखि चली आएको तात्कालिन क्रूर शासकहरु र जर्जर हुन लागेको तिनका शासन– प्रणालीका तीखा सुईराका घोचाईको पीडा, सहिसाध्य नभएर म्लान बन्न पुगेको नेपाली समाजको दारुण अवस्थाको पनि चित्रण यसमा पाइन्छ।

जे होस, नेपाली साहित्यसंसारले महाकवि देवकोटाको एउटा अर्को अनुपम कोसेली भेट्टाएको छ। यस प्रकाशन लागि नेपाल सांस्कृतिक संघका अध्यक्ष एवं साहित्यानुरागी श्री नरसिंहबहादुर श्रेष्ठज्यूप्रति कृतज्ञ नबनिरहन सकिँदैन।

माघ २२, २०५९

# मेरो भन्नु

**नरसिंहबहादुर श्रेष्ठ**

म कलिलै उमेरको छँदा संयोगले मलाई एकदिन कविता लेख्ने रहर चल्यो र कलम कोर्न थालें। एउटा कविताको रचना पनि भयो। त्यसलाई त्यतिबेला त्यसै थन्क्याएर राखें। यो मेरो पहिलो कविता थियो र पछि यस्ता कविता लेख्ने मलाई प्रेरणा पनि आएन र धेरै समयसम्म त्यो त्यसै थन्कियो।

एकदिन म डिल्लीबजार ढुङ्गेधाराको ओरालो लाग्दै थिएँ। त्यतिबेला मैले महाकवि लक्ष्मीप्रसाद देवकोटालाई भुलुक्क देख्दा मैले आफूले रचेको कविता सम्झें। त्यत्तिकै भयो, उहाँ आफ्नो बाटो लाग्नुभयो, म आफ्नो गन्तव्यतिर लागें।

त्यसपछि एकदिन मैले महाकविरचित प्रख्यात "मुना मदन" पुस्तक मेरो पढ्ने कोठामा देखें। उत्निखेरै मैले उहाँलाई अघिल्लो पटक देखेको पनि सम्झें र आफूले रचेको कविता पनि। तत्कालै म कविता लिएर उहाँको निवासस्थानमा पुगें।

उहाँ एकचित्त भएर केही लेख्दै हुनुहुन्थ्यो। केही बेरपछि मलाई देखेर आउनुको कारण सोध्नुभयो। केही हिचकिचाउदै आफ्नो कविता उहाँको हातमा थमाएँ र प्रतिक्रियाको लागि पर्खें। कविता पढेर उहाँले पुलुक्क मेरो मुखमा हेर्नुभयो र सोध्नुभयो: "कविता त राम्रै रहेछ, कति पढेका छौ?" मैले बिरामी परेकोले स्कूलको पढाई छुटेको बताएँ। "त्यसो नगर्नु, पढ्नुपर्छ" भन्ने उपदेश उहाँबाट पाएँ। पछि उहाँसँगै पढ्ने संयोग मिल्यो। उहाँ मेरा आदरणीय गुरु हुनुभयो। पछि, उहाँसँगको मेरो सम्बन्ध गुरुशिष्यमा मात्र

सीमित रहेन। उहाँ जाने ठाउँहरुमा अक्सर म पनि पछिपछि जान थालें। म उहाँको एक किसिमले पछ्यौटे भएँ।

त्यसबेला मसहितको एउटा सानो जमात राणा-शासन विरोधी क्रियाकलापमा संलग्न थियो। हाम्रो यो जमातलाई केही न केही गर्ने बानी परेको थियो। यसै क्रममा २००७ साल माघ २७ गते हामीले नेपाल साँस्कृतिक संघको स्थापना गर्‍यौं। यस संघको क्रियाशील संस्थापक सदस्य त छँदै थिएँ, यस नाताले अन्य गतिविधिमा संलग्न हुन पनि मलाई निकै सहयोग पुग्यो। संघले आयोजना गर्ने कविगोष्ठी तथा साहित्यिक कार्यक्रमहरुमा महाकविको पनि सहभागिता रहन्थ्यो। उहाँको कतिपय रचनाहरु प्रकाशित गर्ने सुअवसर पनि यस संघले पायो।

महाकविको देहावसानपछि उहाँको प्रतिमा स्थापना गरी श्री ५ महेन्द्रबाट त्यसको अनावरण गराउने श्रेय पनि संघलाई मिल्यो। यसैगरी संघले वर्षेनी महाकविको जन्मजयन्ती समारोह मनाउने परम्परा पनि बसाल्यो। साथै उहाँको जीवनीबारेको एक वृत्तचित्रको निर्माण गर्ने काम पनि शुरु गर्‍यो। वृत्तचित्र अब पूरा हुने अवस्थामा छ।

महाकविको जन्मजयन्तीकै अवसर पारेर तीन वर्षअघि मैले महाकविद्वारा रचित कुनै रचनाको पाण्डुलिपि कसैबाट उपलब्ध भएमा उचित कदरसहित आफ्नो निजी खर्चमा त्यसलाई प्रकाशित गर्ने आग्रह सबैसँग गरेको थिएँ। प्रकाशित कृतिको सर्वाधिकार उहाँको सुपुत्र डा. पद्म प्रसाद देवकोटामा सुरक्षित रहने कुरा पनि मैले सार्वजनिक गरेको थिएँ। त्यसैको फलस्वरुप यो कृति आज साहित्यका अनुरागीहरुमा समर्पित छ।

महाकविरचित यस कृति " तुषारवर्णन" को पाण्डुलिपि प्राज्ञ श्यामदास वैष्णवको सौजन्यबाट मैले पाएँ। उनी मेरा बालसखा हुन्। त्यस अमूल्य कृतिको पाण्डुलिपि ठाउँठाउँमा किराले खाई प्वाल परेको अवस्थामा थियो। प्वाल परेका ठाउँका नबुझिने शब्दहरुको स्थानमा कृतिको भावना अनुरुपका शब्द संयोजन गरी सुधार गर्ने काम कवि श्यामदास वैष्णव तथा अधिवक्ता भीमनाथ घिमिरेले गरेका हुन्। कलाकार उत्तम

नेपालीले यस कृतिको आवरण पृष्ठको चित्र संयोजन गरेका छन्। यी सबैका निम्ति म उनीहरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। मैले माथि भनेझैँ महाकवि लक्ष्मीप्रसाद देवकोटाका अरु कृतिहरुका पाण्डुलिपि कसैबाट प्राप्त भएमा उचित कदरसहित प्रकाशित गर्ने प्रतिबद्धता म यहाँ पुनः दोहोऱ्याउँछु।

एउटा प्रसङ्ग म यहाँ कोट्याउन चाहन्छु। महाकवि देवकोटाको कृतित्वलाई अन्तरराष्ट्रिय जगतमा परिचित गराउने उद्देश्यले अंग्रेजीमा लिखित शाकुन्तल महाकाव्यलाई यसै प्रकाशकबाट प्रकाशन गर्ने निधो भयो। अंग्रेजीमा लिखित उक्त ग्रन्थ अंग्रेजी भाषाविद्हरुले दोहोऱ्याई-तेहोऱ्याई सुधार गरेता पनि विवादबाट त्यो मुक्त हुन सकेन। महाकविको मर्ममाथि प्रहार गरेको आरोप लाग्न गयो। प्रस्तुत पुस्तक पनि त्यस्तै सुधारको प्रक्रियाबाट आएकोले अपवादमुक्त हुन नसक्ला। यसका लागि प्रकाशकको नाताले क्षमाप्रार्थना गर्नु बाहेक मसँग अर्को विकल्प छैन।

महाकवि देवकोटाको कृतिलाई प्रकाशित गर्न पाएकोमा म गौरवान्वित छु। साथै, यस प्रयासमा सहयोग गर्ने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु।

माघ २०, २०५९

# तुषार वर्णन

होचा हुस्सू उचालेर
        समुचा स्वर्ग ढाकिँदो।
सूर्यको ग्रीष्म हो गर्व,
        विधि-जाल छ क्या लिँदो ॥

(१)

काँच जस्तो थियो व्योम कल्सेँदोपनले गरी।
धुवाँ थोरै लगाए झैँ ऐनाको टक क्वै हरी ॥

(२)

चाँदीमा अथवा सेतो पुरानो हुन गै वरि
खिया लागे-सरि कालो कालको वशमा परी।

(३)

मानों भारतको भित्री मनोमालिन्य धुम्म छ ॥
रूँदी बूँद खसालेर 'हे! नेपाल' उ भन्दछ।

(४)

जाडो आयो सबै भन्थे, हात माडेर वेसरी।

बङ्गारा सेक्न खोजेर धामीका डग्डगी सरि ॥
(५)

बूढा हिमालले मानों देखी भारतको गति ।
ठण्डी निराशको साश लिन्थे पाई अधोगति ॥
(६)

हिउँको गर्भमा जन्मी यमराज पुरीतिर ।
घचेड्ने हुर्हुरी चल्थ्यो दक्षिणै दुगुरी पर ॥
(७)

बूढाका मुटुका नाडी हल्लाएर बजाउँदै ।
कठताल बजाए भैं-बङ्गारा दुइका सँधै ॥
(८)

पापी पुरुष कन्था क्यै नपाइकन थुर्थर ।
भन्थ्यो हिमालको हावा ईश भज् अब जर्जर ॥
(९)

फर्काई रूखका हाँगा यमराजपुरी तिर ।
सेतो बुढ्याईको ठाँट, पर्ला भन्थ्यो सबैतिर ॥
(१०)

त्रिशूल मुख जोरेर डुली गौरी र शङ्कर ।
तुषारो, कुइरो, स्याँठ, रोप्थ्यो चोसो सँधै भर ॥
(११)

नङ्गाएर सबै पात ताजापन हरी सब।
काँढामात्र उमारेर, हर्थ्यो जीवन-वैभव ॥

(१२)

भीमा हिमालकी मानों बाघमाथि चढीकन।
हजारौं हातले हान्थिन् पापी पार्थिव यो तन ॥

(१३)

तिनका असिका धार हजार जीउमा परी।
छेकिँदा हथकेलाले फुट्थे चीरा परी परी ॥

(१४)

तुहिनेश लिई मानों (उड्दा मार्ग विहङ्गम).........
आए झैँ चल्दथ्यो हावा, कंप दीएर टङ्कमा ॥

(१५)

अथवा मृत्युले ठूलो बङ्गारा हिउँ झैँ सफा।
उदाएर सबै खाई हरी जीवनको नफा ॥

(१६)

रुँदा हाँगाहरुलाई अरु छन् कि कतै भनी।
हल्लाउन हिले जस्तो पार्थ्यो कंपित जीबनी ॥

(१७)

मृत्युको शीत त्यो श्वास, वाफ झैँ शीत अग्निको।

कुइरो बन्दथ्यो लामो कात्रो झैँ प्राणको फियो ॥

(१८)

नीरको रंग वैसम्य नराखी स्वर्गमा गरी।
डकैती, यमले फोर्थ्यो घनले उष्णमाधुरी ॥

(१९)

स्याँठ चल्थ्यो चिसो वेग
        शाठ्यको श्वास झैँ गरी।
रित्तो बादल झैँ जाड्य
        तल डस्न झरे सरि ॥

(२०)

पुतलीका पखेँटामा चढी फूलपरी उडी।
बूढो हिउँदले हेर्थ्यो, बूढी-पृथ्वी मुखावरी ॥

(२१)

काँस तुल्य फुली केश
        चाउरीदार सुन्दरी।
सँझी वैंश कुरा गर्थिन्।
        दाना टल्पल् गरी झरी ॥

(२२)

ऋषिका झैँ जटाजूट
        झुण्ड झुण्ड वरीपरी।
सफेद श्रृङ्ग देखिन्थे

तपस्या झैँ नगोपरि ॥
(२३)

हावा थियो बडो चंख
चोरीको कर झैँ छिटो।
सफा ती शीर्षका रोम
झार्ला झैँ लोभले ढिटो ॥
(२४)

चोर्न चाँदी सबै देखी
कतै दक्षिणको घर।
त्यो ठण्डी कर्कशा स्त्रीको
गहना निम्ति सुन्दर ॥
(२५)

हात माडेर जाडाले
भलाद्मीहरुले हिउँ
झारे झैँ हथकेलाको
खुइल्याई सबै रउँ ॥
(२६)

भलाद्मीरूखले माड्थे
नग्न निष्पत्र ती कर।
बटारिई तलै झर्थे
घुम्रिएका पतिङ्गर ॥
(२७)

चंचले शिशुले कोही
ऐनामा शास फेरिँदा
लागे झैँ कुइरो लाग्थ्यो।
पहिले शीघ्र ली विदा ॥
(२८)

रमाइलो बडो मानी
अरु उल्लूहरु मिली।
प्रतिच्छाया लुकाए झैँ
तर यो बदली फुली ॥
(२९)

आधा पानी र कुइरो
दानादार बफावट।
आधा झर्दो र उठ्दो झैँ -
झरीको यो सजावट ॥
(३०)

"रूँदले बूँद जो ल्यायो
होला आषाढ क्या हरा" !
भन्ने मानिसको क्रूर
चित्तदेखि कठैबरा।
(३१)

अकेला अन्त्यको पात

काँपे झैँ बृद्ध थुर्थुर ॥
रित्तो आशा हटाएर
रुन मात्र छ तत्पर ॥
(३२)

थोपा थोपा गरी सारा
त्यसका अश्रु विन्दु ती।
चीसा आशा बनी झर्छन्
हप्काई निष्ठुर श्रुति ॥
(३३)

माथि छ चँदुवा ठण्डी
बोक्शी शेती कतैतिर।
विहा गर्न छ आँटेकी
क्यार झैँ ठँडुवा सित ॥
(३४)

सेतो दाढी लतारेको
पत्र अक्षर किर्मिर।
पढ्ने हिउँद विद्वान् छ
रेखा रेखी छरी, शिर ॥
(३५)

निहुराएर, आँखामा चश्मा
काँच तुषारको।
लगाएको मुटु, सारा

होम्दो वेदी विषे तर ॥

(३६)

बोक्छे कलश वर्षाले, स्याँठ बाजा बजाउँछ।
सुखा पात त्यसै नाच्छ, काल भूषा सजाउँछ।

(३७)

लावा भुट्दछ हावाले
च्यातोचात गरीकन।
झगडा गर्दछन् दोटा
दिशा-वस्त्र लिनाकन ॥

(३८)

गोली झैँ जर्मनी गोली
हवामा सन्सनाउँदा।
थोपाले कान छेड्दो छ,
मुटु हल्लिन आउँदा ॥

(३९)

कहिले झगडा गर्छन्
विराला कक्कुरै सरि।
हावामा पानीका छौंडा
ङ्यार्रङ्ुर्र गरी, झरी ॥

(४०)

बहुलाएर वर्षाले पूषको तूषमा घुसी।

घूस खाएर ल्याए झैँ, नङ नीला गरी डसी ॥
(४१)

रक्त भागेर औंलाको
मुटुमा जान्छ थुर्थुर ।
हात नीला भई काँप्छन्
शेष भो, चाउरी तर ॥
(४२)

मृत्युको हातले चीसो
छोए झैँ नील अङ्गुली ।
बाउँडेर मरी जान्छ
चाउरीहरु ली, फुली ॥
(४३)

टोक्दछन् नाकका टुप्पा
बन्दर्नी झैँ झरी झरी ।
खल्तीमा हात देखेर
लोभले झंटिई मरी ॥
(४४)

घर हेर्दिन है भन्छन् -
जोरी पलक झ्यालका ।
पर्दा झल्लर झारेर
यो चाला दुष्ट कालका ॥
(४५)

विधवाहरुकी भित्री
        सिम्सिमे आँशुका झरी।
चुपचाप परे जस्ती
        कहिले भुँवरी परी ॥
(४६)

कहिले हुर्रिई हुर्र
        कहिले टप्टपाउँदी।
थोपाका मौन टप्कामा
        वर्षा आज थिई रुँदी।
(४७)

संझना बिजुली जस्तो
        भित्र भित्रै छिपाउँदा।
कल्सेँदी मृदु सौन्दर्य
        उनी शास लिई रुँदी।
(४८)

भलाद्मीहरुले आफ्ना साथी-भाइहरुसँग
        कुरा आरम्भ गर्दामा–'कस्तो जाडो' भनीकन।
श्रीगणेश गरी बोल्थे, हात जोरी फुकीकन
        घाम बोलाउलान् जस्तो विगुल्द्वारा सबै जन ॥
(४९)

बूढी मकल च्यापेर
        घोप्टी हिउँद-चाउरी।

पातबाट झिके जस्ती
        ताप्थी सेती निदाउरी ॥
(५०)

आज बालकको शय्या
        क्रीडाको रणभूमि छ ।
बालिष्ट गिरिमा गोला
        'गाले'छन् तकिया अझ ॥
(५१)

रुईले मात्र पुग्दैन
        फूइले गर्छ मद्दत ।
नबाले दुइले आगो
        सुइले लिन्छ इज्जत ॥
(५२)

बलेँसी छन् रुँदा हेर
        रुँदको वूँद तर्किंदा ।
"ज्यूँदा हिउँदमा मित्र ।
        मुँद्यौ नेत्र" भनी रुँदा ॥
(५३)

पितुली स्त्री सरि जेठी कान्छीका पीरले गरी
स्वर्गबाट यता फर्की, रुँदी छ विचरी झरी ॥
(५४)

ढुङ्गासम्म रुँदैं बस्छन्
    पाषाण-मुटुमा पनि।
जाडोको दाँतले टोकी
    वेदना, प्रकटै बनी ॥
(५५)

चौबीस पौषको आज
    पखेंटा पच्चिसौं लिन।
रुलाएर धकेल्दो छ
    साँढे तीन तिरै दिन ॥
(५६)

आकाश तर्फ हेर्दैनौँ
    क्रूर शासकमा भनी।
चिढिएका प्रजा हेर्छन्
    टप्किँदा वूँद नै गनी ॥
(५७)

झिझिईकन झर्दो छ
    झीनो झड्के झरी झरी।
झिन्झिनाएर झड्कार्दी
    झम्म झुम्म झिझो परी ॥
(५८)

तर हावा सुत्यो चाँडै
    झोलुङ्गोमा निदाउरो।

शीतकाल निमूनिया
लागेको आर्त झैँ वरो ॥
(५९)

स्याम्सुम्म सम्मिँदा हावा
झमाझम हुँदो झरी।
झड्का झीझो दुवै झारी
झऱ्यो बर्वरता सरि ॥
(६०)

कल्सेँदी मलिनो शान्ति
निराशामय बादल-
मनि ठण्ड बनी रुन्थिन्।
पखाली अलि गाजल ॥
(६१)

माथि माथि हवा थोर चले झैँ सिर्सिरि झिनो।
पानीका वूँद फारेर, मसिनो धर्दथ्यो छिनो ॥
(६२)

ज्यादै माथि उता मेघ
खण्डमा ठाउँ ठाउँमा।
शीघ्र वेग हुँदा हावा-
चल्थ्यो पश्चिम गाउँमा ॥
(६३)

तल कालो महाशान्त
        मनोमालिन्य विस्तृत।
विषाद पटमा रङ्ग
        लिन्थ्यो मौन झरीसित ॥

(६४)

अब ता उष्णता ओर्ली पूषका जलले गरी।
पहाडका ठिही हुन्थे वन निश्चलता सरि ॥

(६५)

झर्दा ती जलका धार पुरानो छतमा मिलूँ।
भन्थे, जो पहिले झर्थे भन्छन्- सीधा भइ चलूँ।

(६६)

बक्रता तर थोरै छ, माथिको वायुले गरी।
नत्र सीधा सबै हुन्थे, रेखा नाच्दा थरी थरी ॥

(६७)

सिम्मिमे झीन वर्षाको (गति) त्यो उछिनीकन।
शेता थोपा ततप्कन्थे, ठठप्कन्थे भनूँ किन?

(६८)

वर्लिंदो उष्णता झर्थ्यो पारोमा वृक्ष यन्त्रमा।
चीसोले काठिँदा पत्र तल ओर्ली झुकी त्यहाँ ॥

(६९)

ए ! ती थापा सफा शेता ठूला वूँद गर्न्हूँ हुँदा ।
ठूला वूँद, बडा बूँद, सफा बूँद, ततप्किँदा ।
(७०)

दूधका बाटुला थोपा, कामधेनु दुहे सरि ।
अप्सरा हातले सेतो टप्के टप्के टपै सरि ॥
(७१)

प्रधान-स्थूलताले नै झीना सिर्मिर विन्दुमा ।
आर्को ढङ्ग लिई झर्छन् गर्न्हूँगो नृत्य निम्तिमा ॥
(७२)

झझल्के झैँ, ठठल्के झैँ, तर मिर्मिर कान्तिमा ।
शेतिँदा शुभ्रताका झैँ, दाना सुन्दर बान्किमा
(७३)

थोरै बाङ्गेर झर्दाछन् कति राम्रा रमाइला ।
वर्षाका पहिला थोपा पहिले मेघ पग्लिँदा ।
ग्रीष्मका घाममा झर्ने विन्दु झैँ, पौषका भला ।
(७४)

पात-कागज, काटेर कैंचीले अप्सराहरु ।
पुतली क्यै सिँगार्दा छन् वन नन्दनका तरु ।
(७५)

पात ती तप्किँदा, थोपा सेता सेता रमाइला ।

चहकीला पारिजात पुष्पका पात हुन् भला ?

(७६)

वास्ना आउँछ के केही ? राम्रोसँग सुँघीकन ।
मित्र ! लौ राम्ररी हेरी, ठीक अन्दाजले भन ॥

(७७)

जरुरै बूँद छन् सेता असिनाका अगाडिका ।
ऊन झैं बुनिँदा बूँद, जोरिने छन् पछाडिका ॥

(७८)

असिना पर्न आँट्यो है ?
चाउरे ज्यापु खेतमा ।
तर्सियो तर्सियो नानी !
गहूँ-वाली विमाखमा !

(७९)

तर हेर न, ती हेर !
टप्प टप्प कि तप्तपि ?
गहूँङ्गो हलुको रीति झर्छन्
राम्रा सफा कति !

(८०)

असिना तर देखिन्न, कति चाँडो विलाउँछ !
पानी हीरा झझल्के झैं, जमिनैले गलाउँछ ॥

(८१)

त्यस्तो सुन्दर त्यो हीरा, पानीदार कुवेरको।
किन टिक्थ्यो त्यसै, यस्ती दुःखी पृथ्विविषे ढिको?

(८२)

चराका हुन् भुवा, वा यी झरेका स्वर्ग देशका।
भुवा सेतो सफा राम्रा, पंक्तिका श्वेत मेघका ॥

(८३)

तर यी बन्दछन् थोपा पृथ्विसम्म झरीकन।
हलुका चंपती मारी अल्पिन्छन् झल्किईकन ॥

(८४)

पृथ्वीमा धेरबेर बस्न हुन्न भने सरि।
हवासम्म हिउँ हुन्छन्, पग्लिन्छन् पृथ्विमा झरी ॥

(८५)

गोल गोल बनी राम्रा सलक्क असिना बनी।
कुँदिदैनन् मिली, काल झरेझैं झर्दछन् यिनी ॥

(८६)

चेप्टा चेप्टा थचप्केका
दानादार र झल्लरी।
चेप्टा पोते झरे जस्तो
हिउँका बग्दछन् झरी ॥

(८७)

टूना जादू गरे जस्तो पृथ्वी सम्म बनी हिउँ।
परिवर्तित हुन्छन् ती, पानी तरल भै जिउ ॥

(८८)

स्वर्गका, जसरी थोपा सेता सत्यहरु झरी।
पग्लिन्छन् आँशु भै हाम्रा, त्यसै जान्छन् यहाँ परी ॥

(८९)

अथवा कामिनी राम्रो
कुनैका के कपोलमा।
झल्किँदा आँशु भैँ टप्प
पग्लन्छन् थोर कालमा ॥

(९०)

तर कस्तो चीसो भो है, हावा बन्द भईकन।
कठ्यांग्रिन्छ कि काठिन्छ, ठाँटिन्छ कि कसो भन?

(९१)

सम्झिएँ सम्झिएँ मित्र!
चीसापानी गडीतिर।
प्वाँख भैँ झर्झराएको।
हिउँ-वर्षा सबैतिर ॥

(९२)

पक्का हो हिउँ वर्षेको!
यो हैन असिना अरे!

यस्तै वर्षिन लागे ता
पीठो सस्तो भयो भरे ॥
(९३)

पृथ्वी ठाँटि-नै आँटिन् 'ठाँटो'-ठाँट गरी झरे।
ठाँट साथ कहाँ ठट्टा? बुट्टा पर्दछ है भरे ॥
(९४)

मेरो अन्दाज हेर्छौ त? यस्ता ताराहरु भरे।
चंचमाई झिल्मिलाई सेतो नेपाल भो भरे ॥
(९५)

पक्का! लौ हेर त्यो छानो
बलेंसी अलि मन्द भो।
होला पानी खँदिलो भै-
बलेंसी सब बन्द भो!
(९६)

शेतिँदै शेतिँदै आयो बलेंसी, तर हेर न!
कस्तो चम्चम, झिल्मिल्छ तारा-वर्षा झझल्कन!!
(९७)

मानो बादलले ढाकी आकाश सब तारका।
स्वर्गङ्गातिरका वर्षे रत्न जस्ता अपारका ॥
(९८)

नाच्दै, चंकी, झझल्केर तिर्मिराएर पर्दछन्।
कुवेरपुरका मानो भण्डार सब झर्दछन्।
(९९)

अथवा चैत्ररथको बगैंचामा कुवेरको।
हुरी आएर हल्लायो– हाँगा पुष्प परागको
(१००)

नेपाल आर्यको भूमि हिमाल-सरि शुद्ध छ।
पखालूँ कलिको दाग, भनी के हिउँ कुद्दछ?
(१०१)

आए सलहका फौज स्वर्गबाट धुरा धुरा!
हुँदा अमृतको पोष, झर्छन् तल बनी भुरा॥
(१०२)

अथवा अप्सरा सारा छिहिल्लेर यतातिर।
हाँगा नन्दनका झार्छन् पुष्पका वृष्टि खातिर॥
(१०३)

के यो अमृत ता हैन, पार्ने हृदय शीतल?
पृथ्विको तापमा वन्दो सुरा चिनी झरी तल!
(१०४)

सेता मौरीहरु झर्छन्, सेतो बादलका वन!
बीचका घार छाडेर पृथ्विमा मह काढन।

(१०५)

भोकले पेट कुत्कुत् भै ठंडा जिभ्रो रसाउँदा।
गरीव भन्छ– फाँको यो मारूँ कि? हिउँ आउँदा ॥

(१०६)

ओहो! मकै भुटे जस्ता, तारा झर्झर झर्दछन्।
हाँगा, छाना, मुना, पातहरु छाएर पर्दछन्।

(१०७)

सेता भेडाहरु छन् कि स्वर्गका चउरै भरी।
कत्रेर अप्सरा फैंकुन् पश्मीना ऊन बेसरी ॥

(१०८)

तर ओढूँ भने हाय! गरीबकन हुन्न त्यो।
स्वर्गका ऊन ठंडा भै, पृथ्विमा हुन्न है निको!

(१०९)

नयाँ ताराहरु राम्रा सिर्जना जरुरै भए
नत्र भोलि सबै नीलो होला, आकाश रित्तिए?

(११०)

जल भन्न सुहाउन्न जलभन्दा सफेद छ
दूध भन्न कहाँ होला? झल्कने भिन्न भेद छ।

(१११)

अथवा कलिको काल शिवलाई नुहाउन
देवले दूधका पोख्छन् घडा, दाग हटाउन।
(११२)

पृथिवी बहुतै दागी बनिन् कुल्चेर म्लेच्छले
भनी घृतहरु झार्छिन्, अथवा कामधेनुले।
(११३)

तारा भनूँ भने साना सिर्मिरी तिर्मिरी भए।
हवा हाँगा शिंगारेर, पुतली झैँ झरीछ ए?
(११४)

पृथिवीलाई ज्यादै नै भयो जाडो भनीकन।
सेतो कम्वल झारेछ स्वर्गले कि दनादन?
(११५)

हेर छानाहरु सेता, मैदा छुस्स छरे सरि।
शेतिँदै अब आएका, बलेँसी वन्द भै वरि ॥
(११६)

दाह्रा हिउँदका सारा छारामा हिउँका खरा।
कर्र कर्र चपाएर, भाँच्छन् हाँगा कठैबरा!
(११७)

वुर्र वुर्र बनी आए छाना झर्र गरीकन।
फर्र फुर्र गरी फुर्ने छाउँदा हिमका कण।

(११८)

गरा गरा हरा सारा छारा पर्दा तुषारका।
बुट्टे घाँघरका सेता मुजा झैँ छन्– अपारका ॥
(११९)

लक्ष्मी पूजा भएको हो, पीठो चाँवलको छरी।
स्वर्गमा त्यसको हिस्सा होला झर्दो बनी झरी ॥
(१२०)

व्हैन के सूर्यको घाम ज्यादै ठंडा भईकन
झरेको हो तुषारो भै, चंकिन्छ भुईंमा किन ?
(१२१)

अथवा अप्सरा कोही ढिक्की आफ्नो कुटीकन।
पीठो सेतो लिई जान्थी, कुइरोको घना वन ॥
(१२२)

अथवा चन्द्रमाबाट हिउँका शैल वुर्वुर।
धुलो भै झर्दछन्, ठंडा हवामा सब फर्फर।
(१२३)

त्यहाँ पयर चिप्लेर भिराला घन-खण्डमा।
पोखी छ कि सफा पीठो ? वुर्वुराएर झर्दछ।
(१२४)

नत्र लाग्यो भनी जून किन हेर्थे सबै जना?
तुषार-कान्तिमा छैन, सुधांशु छविको पना?
(१२५)

हिमालका परीलाई खाना झैँ अति सुन्दर।
उता, उत्तरको खाना झरेछ कि यतातिर।
(१२६)

ज्यादै पवित्र भूमिमा गौरीशङ्कर– राजमा?
वित्रता छ जो भित्री, निस्तो बाहिर साजमा?
(१२७)

अथवा बादलै आफैं वुर्र वुर्र बनी हिउँ।
झर्छ सुन्दरता साथ, रसा ढाक्ने गरी निहुँ॥
(१२८)

नेपाल भूमिको राम्रो सौन्दर्यमय यी शिखा।
देखेर पुतली झर्छन्, अथवा स्वर्ग देशका॥
(१२९)

माउरीहरु झैँ काला चाला चाला बनीकन।
आकाश तल ओर्लेर तल छन् हिउँका कण।
(१३०)

सफेद पंखकी राम्री पुतली जो छ बादल
पक्डे स्वःशिशुले, या त धूलो झर्दछ यो तल?

(१३१)

अथवा अप्सरा कोही स्वर्गमा 'स्वाह' गाउँदी।
स्वरका मसिना दाना झार्छे अमृत फाउँदी।

(१३२)

मौन गाना बनेको छ, हवा सुत्दछ निश्चल।
गानामा मौन गाना नै देखिन्छ– अमृतोज्ज्वल ॥

(१३३)

सफेद हुन गो हेर बलेँसी टप्प भै छत।
बनी सुन्दरता शेती, गलेको त्यो कतै छ त?

(१३४)

सौन्दर्यको सफा रङ्ग बनेर अमृतोज्ज्वल।
अरु ठाउँ छुचा देखी, झर्छ नेपालमा तल ॥

(१३५)

बुढ्याईका गुफाबाट हिमालहरुमा कतै?
काँशको फूल पो झर्छ ठँडा हिउँ बनी यतै।

(१३६)

तकियाहरु च्यातेर परीले फड्कँदा रुवा।
भई सीमलको आत्मा हिउँरंगे भुवा भुवा ॥

(१३७)

तुहिन श्री कि ओर्लन्छे, ऊँचा शिखरबाट ती।
शुक्लाम्वरधरा ठाँट्न आफ्ना सुन्दर ठाँट यी ॥
(१३८)

अथवा नन्दनचरा हिउँ झैँ शुभ्र पालुवा-
बाट अमृतका झार्छन्, प्वाँख स्वर्जान्हवी धुवा ॥
(१३९)

ठंडी भएर विधवा पहिरी शुक्ल अम्वर।
मूर्छामा लड्दछे, या त हावाबाट वियुक्त भै ॥
(१४०)

अथवा स्वर्गका साना शिशुका हातमा परी।
'बाल्ने सोराहरु' झर्छन् पृथिवीतिर बर्वरी ॥
(१४१)

हिमालले दिई आज छोरी नेपाललाई कि ?
दाइजो हिउँको- वारी, चाँदी-फूल फुलाई कि ?
(१४२)

चिनी जस्तो बनी झर्छ, नौनी जस्तो सफेद छ।
सेतो कागजमा झर्छ, चाखे स्वाद अभेद छ।
(१४३)

हेर ! हाँगा सबै सेता, चाँदी फुल्दछ शैशिर।
वसन्त 'ऋतुको राजा' भन्ने को कवि हो तर ?

(१४४)

ऋतु राज वसन्तै हो, भन्ने पाखा परे पर !
हेर लावा झरेको यो नयाँ सुन्दर शैशिर !

(१४५)

चाँदीका डाँठको छाता ओढी शिशिर आउँछ ।
छाता कमलको सानो त्यसको कुन भाउ छ ?

(१४६)

हाँगा सारा सिँगारेर लच्काईकन बेसरी ।
पौषको महिना सेतो गर्छ 'शासन' यो घरी ॥

(१४७)

पचास मीनका सेता कत्ला इन्ची जमीनमा
अप्सराले खसाए झैँ, हेर आँगन सुन्दर ॥

(१४८)

यस्ता रजतका फूल कान्ति ली अमृतोपम !
जहाँ शिशिरका फुल्छन् वसन्त निधतोपम ॥

(१४९)

चाँदीका ईंटले छाप्छ, हाम्रा आँगन नै सफा
वसन्त विचरो झार्थ्यो वखडा नै यहाँ सफा ।

(१५०)

छाना सफेद झिँगटी, रौप्यका मन्दरेख छन्।
सारा आँगन सेतो छ, चाँदीका रम्य लेख छन् ॥
(१५१)

वसन्त कोयलीद्वारा फुल्थ्यो छोटो मिजाजको।
स्वर्गका अप्सरा गर्छन् गान सुन्दर आजको ॥
(१५२)

के म आज गरीवै छु के मेरो छैन दौलत?
जोख आँगनको चाँदी नवावहरु, लौन त?
(१५३)

पुष्पवृष्टि गरें भन्थ्यो, वसन्त अघि वागमा।
नन्दनै झर्छ लौ आज, पीयूषित परागमा ॥
(१५४)

'ठंडा ज्यादा भयो' भन्ने उजूर पनि उत्तिको।
शुनिन्न कि कसो मित्र? हावा वन्द छ यत्तिको!
(१५५)

वसन्तका मखमली- थिए वैठक ती हरा!
हेर्दा यी रौप्य प्रासाद! भाग्छ चुप्प भई बरा!
(१५६)

हेर दाडिमका हाँगा
शुष्क नग्न थिए जुन!

अहिले हेर चंकेका
चाँदी-बुट्टा बनीकन ॥

(१५७)

कोयली अव के वोल्थी ?
काली त्यो नक्कली चरी।
टिप्नै साहसनै छैन
सफा अमृत-मंजरी ॥

(१५८)

चरा ती भडुँवा जस्ता नटुवा जो फटाह छन्।
वसन्त-कीर्ति गाएका आज चूप अथाह छन् ॥

(१५९)

कतै लच्कन्छ है चाँदी,
कतै 'माला' छ सुन्दर।
कतै झुप्पा कतै टुप्पा,
वृक्ष नै रौप्य-मन्दिर ॥

(१६०)

सतीका मनका भित्री पवित्रतम माधुरी।
पृथ्वीलाई शिंगारेर तह लागे यहाँ झरी ॥

(१६१)

दानादार झिझिल्केला जस्तो झलक रेणुको।
लिएको हिमको वर्षा, स्वर झैँ झर्छ वेणुको ॥

(१६२)

स्वर्गको चाहना गर्ने लेखका उच्चतातिर।
झर्ने (इनाम) के चाँदीरूपले भई बुर्बुर ॥

(१६३)

ललच्केका ठुला हाँगा काँइयो– बोटका ऊँचा।
हेर 'कर्र' गरी खर्र खसेका समुचा (बुचा) ॥

(१६४)

शिवजीको तपस्या झैं सफेद (शुद्ध) पो भई।
वेदाग स्वच्छता शुभ्र कल्पना झैँ झरी गई ॥

(१६५)

कल्की मात्र त्यसै ढल्की, झल्की थोर लिई हिउँ।
तर जाई छ लर्केको, चाँदी भनी म के कहुँ?

(१६६)

अथवा कविले मानो शारदा वरदानको
ठाँठो ठाँठी शिँगार्दो छ, छाती विशद ज्ञानको ॥

(१६७)

मर्किन्छन् रूखका हाँगा
छर्किन्छन् जव वुर्वुरे।
दाना सफेद यिनका
स्वर्गका शिशु हुर्हुरे ॥

(१६८)

शुक्लाम्वरधराका यी पुराना कपडाहरु।
चिथरा भइ वैरेछन्, शिँगार्न जगको मरु ॥

(१६९)

संघमर्मर पो हो कि धूलो सुन्दर वुर्वुर।
पग्लिनै पर्दथ्यो, नत्र हिउँ त्यस्तो कहाँ छ र?

(१७०)

छर्रछर्र छरुँ भन्छ छारो शिशिरको शिशु।
छुर्र छुर्र गरी खेल्दो छुर्छुरे पूषको (निशु) ॥

(१७१)

अहो! सफेद यो बारी
　　खेत ता साफ यो सफा!
वनस्पति बुढा हुन्छन्,
　　के झार्छन् आज विश्वपा?

(१७२)

बाक्लो बाक्लो बनी चालो चाक्लो वन्दैन तैपनि।
वुर्वुराएर वैरन्छ दाना दाना बिनी बिनी ॥

(१७३)

ज्ञानको अति वाहुल्य हिमाल– दरवारको
बूढा दाडीहरु तुल्य भई लर्की अपारको

(१७४)

खोल्सा करैँसा राखेर ड्याङ सारा फुले फुले !
किसान म बनूँ आज, टकसार कतै खुले ॥

(१७५)

धनको आज कस्तो छ
रूप सुन्दर हेर न !
तर हात डसी हाल्छ
मेरो भन्दै पसारन !

(१७६)

जल बन्दछ के यस्तो ?
के यस्तो जल बन्दछ ?
जल बन्द हुँदा यस्तो
जल नै हेर बन्द छ ।

(१७७)

हुन्छ ज्ञान सधै सेतो वृद्धका माथ झैँ सफा
पढाउन छ लागेको हिमाल शिशुका (कथा)

(१७८)

जलवन्द कहाँ भन्नु ? जल जो बन्द बन्दछ ।
जलकै बंधले आज, जलवन्द उ बन्दछ ॥

(१७९)

तुषार यो संगेटेर शारदाकन मन्दिर।
बनाए कति जंदो हो, कविता भैँ मनोहर ॥

(१८०)

दूध हैन परेको त्यो ? जल होला जरुर त्यो !
जल मात्र भए, दूध भन्दा श्वेत कहाँ भयो ?

(१८१)

वर्ष बूढो भयो सारै, फुल्यो केश, फुल्यो सब।
चिनी चिनी ? चिया भन्छ, काँढा काँढा सगौरव ॥

(१८२)

पयस्बिनी थिइन् गाई
पय झर्दछ झर्झर।
कामधेनु दुहेको पो
होला स्वर्ग कतैतिर ?

(१८३)

महाराज हुँदा दानी, चिनी बाँडेर पर्वत !
स्वर्गबाट झऱ्यो बुर्र आशीर्वाद भई कि त ?

(१८४)

ठंडा भएछ नेपाल
काँप्यो थुथुर्र देश त्यो।
भनी हिमालले बूढा

ओढाए कँवलै कि यो ?

(१८५)

न्यानो होला त यत्तिमा ?

बन्दाकोभी र काउली ?

ओढ्छन् ओड्ने उज्यालो के ?

मानों रजत भैँ फुली ।

(१८६)

ज्यादा ध्यानी ठुला साधू समाधीस्थ भईकन ।

पवित्रता जमे भैँ छ, स्वास बन्द गरीकन ।

(१८७)

किसानहरु रोए हुन्

किन ? 'बाली' विनाशियो ?

किन रुन्थे बरा जान्ने

गहुँ भन्छन् विकासियो ।

(१८८)

हेर धुम्म परी डम्म कुइरो धुइरो सरि ।

धुइरो धुइरो उठ्छ, सेतो वर्षा महाझरी ॥

(१८९)

जलका बूँदले ढाके जस्तो रंग र रूपनै ।

टुँडिखेल छ निस्पन्दै टाढा गुँज्छ स्वरूप नै ॥

(१९०)

छाता एक लिई बस्दा, पाँचै क्षण गई तल।
डेढ पाथी जति झर्छ तुषारो, फर्र शीतल ॥
(१९१)

वेदका कालको सेतो ज्ञानको बुर्बुरे चिनी।
तपस्वीहरुमा झर्छ, सुधार्न जग-जीबनी ॥
(१९२)

छाता हुन्छ गह्रुँगो त्यो
झल्लरी-मल्लरी सफा।
आकाश बीचमा तारा
छिर्बिरिन्छन् जतातता ॥
(१९३)

तर धान्न नसक्दामा हात नै गलि-आउँछ।
कति तौल भएको यो, चाँदी मुन्तिर छाउँछ।
(१९४)

जून झैँ हेर झल्केको
सारा तुहिनको द्युति।
ध्रुव नक्षत्रको आँखो
लागेछ कि अलिकति ?
(१९५)

ध्रुव प्रदेशको ठाँट हिमालतिर पर्दछ।

ठाँटोको नाम के नत्र ? जो ठाँटी तल झर्दछ ॥

(१९६)

सेता भालूहरु होलान्
नेपाली बनमा पनि ।
काले कुक्कुर क्या आयो
ठाँटिई हिउँले धनी ॥

(१९७)

हेर त्यो अघिको बारी
चाँदी छिर्विर वुर्वुर ।
पार्वतीको बगैंचा झैँ
खुलेको कति सुन्दर ?

(१९८)

गोरा गोरा सबै भन्छन् हिउँका कान्तिमा हुने ।
गोरा आर्यहरु हामी, भन्नु के खतरा हुने ?

(१९९)

लन्डन् मात्र शिंगारिन्न
रसियाको छ के हक ?
हामी नेपालमा देख्छौं-
दृष्य कस्तो झकाझक ?

(२००)

सुन्दरीहरुका गाला हिउँका कान्तिले खुली

कौमुदकी परीका झैँ, बन्दछन् कति सक्कली !

(२०१)

शेती पृथ्वी बनी सारा हिमकान्ति समुज्ज्वला
दोस्रो चन्द्र उदाएका स्वर्गतर्फ कतै भला ?

(२०२)

हिमालहरुका छायाँ कलङ्क विधु-खण्डमा।
जस्तो देखी सराएर परीका मुख सुन्दर।

(२०३)

प्रेमीहरु कुरा गर्दा होलान् "ती चन्द्रमा, तर।
कलङ्की छन्, तिमी मात्रै वेदाग र मनोहर"

(२०४)

कस्ता अन्धा, सबै हामी भन्ने छौं ती शुने तर !
दाग एक कहाँ देख्यौं ? हेर नेपाल सुन्दर !

(२०५)

"जून लाग्यो ! अहो जून" !
भन्दछन् नक्कली ठिटी।
हेर्नें आकाशमा भन्छ-
स्त्री भइछन् कति ढिटी ?

(२०६)

नाप, औंला दवाएर दोस्रो रेखा डुबूँ डुबूँ।
भैँ हुन्छ– चौर औंलाको परेछ कत्तिको हिउँ?
(२०७)

तर पर्खाल माथी छ तुषार अझ बाकलो।
पुराना घरमा पर्ने सोरा भैँ बुर्बुराउँदो।
(२०८)

"टुँडिखेल कतै छैन, सेतो सेतो छ" भन्दछन्।
"हरियो ता उधो स्वर्ग" पृथ्वी अमृत रंग छन्।"
(२०९)

बूढा सालिकले लाए सेतो दाढी मनोहर।
भन्दछन् बटुवा आज, जिउँदैछन् कि के तर?
(२१०)

होवैन हिड्न के आज
रानीका पोखरी तिर?
यो रात-भर वर्षे, होस्
चिप्लेटी खेल्न सुन्दर!
(२११)

तर आठ बजे शायद्
हिउँको बुर्बुरे झरी
खुर्खुराएर पृथ्वीमा
खुर्मुराई गली मरी!

(२१२)

साँझमा जब हामीले बलेँसीमा गईकन।
माथि हेर्थ्यौं गगनमा, देख्थ्यौं मधुपका गण ॥

(२१३)

सारा नन्दनका वारी छोडी तल झरे सरि
आकाशमा सलह झैँ, मौरी झर्थे वरीपरी।

(२१४)

वैरो वैरो यहाँ पैरो, धुइरो धुइरो झरी।
कुइरो कुइरो बन्दै, झर्थे हिमकण-धुरी ॥

(२१५)

तर यो व्योमको गोलो
पोलो पोलो बनीकन।
जो दर्क्यो, वरपरै पर्थ्यो
अब बन्द भयो किन ?

(२१६)

हामी नलाउँ चिप्लेँटी– जुत्ता रस्सीयनै सरि ?
नखेलूँ आजको राती चिप्लेँटी– सुखमा परी।

(२१७)

बनाऊँ आज क्वै ढोका,
कोही मन्दिर सुन्दर !

कोही गोली बनाएर,
गरौं समर सत्त्वर !
(२१८)

हिउँ कुल्चौँ त्यहीं आज,
सेतो आँगन रम्यमा ।
पैताला नाच्दछन् झन् झन्,
कस्तो मीठो अचम्ममा ॥
(२१९)

भोली खुल्दैन है मेघ,
शेतै होला सबैतिर ।
गौरीशङ्करको छावा,
देख्नेछौं वर औ पर ॥
(२२०)

हिमालय त देखौंला
लम्बिएको सबैतिर ।
हाँगा दक्षिणमा हाली
घेर्दो नेपाल सुन्दर ॥
(२२१)

बूढा पहाडका थाप्ला
भरी हिउँ झरी झरी ।
कैयन् दिन महान विद्वान्
होलान् ती पण्डितै सरि ॥

(२२२)

दुई ठाउँ यसो पूर्व
सुन्दरीजल तर्फमा ।
घामले पहिले होला
नत्र डम्मिन्छ है दिन ।

(२२३)

यस्ता चीसा सबै सेता
दन्त जस्ता तुषारका ।
सम्भँदै ठग्ठगी हुन्छ,
छाडूँ काव्य सुषारका ॥

(२२४)

के मिल्दछ हरे यस्मा
लेखी कन्था विकारका ?
खाली काँप्नू छ, यी चीसा
हिउँभित्र विचारका ॥

(२२५)